जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २९६ • २०८३ श्रावण ३० गते शनिवार • 15 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# विगतमा भएका गरिएका गलतीहरु स्वीकारी आत्मआलोचना गरिनु आवश्यक

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २९ श्रावण

तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले मधेशको राजनीतिक शक्तिको पुनर्संगठनको निम्ति सबभन्दा पहिले विगतमा भएका गरिएका गलतीहरु स्वीकारी आत्मआलोचना गरिनु आवश्यक रहेको बताएका छन् ।




उनले भने,'मलाई लाग्छ, पहिले यो जवाफदेही स्वीकारिनु पर्दछ । सार्वजनिक आत्मआलोचना हुनु पर्दछ । हामीले यी गलतीहरु गर्यौं, अब गर्दैनौ र आइन्दा यसरी बढ्छौं भनी पत्यारिलो किसिमले प्रतिज्ञा गरिनु पर्दछ । तर, यो जरुरी बोध अहिलेसम्म आइसकेको छैन । जबसम्म आउँदैन, जनता सुन्न तयार हुँदैन ।' १. मधेश केन्द्रित र अन्य गरी सात राजनीतिक दलहरुले अग्रगामी मोर्चाको गठन गरेका छन् । यसका घटक दलहरुले मधेशका दलहरु एक ठाउँमा आएको भनेर पनि व्याख्या गर्दैछन् । तमलोपा यसमा शामिल छैन । किन होला ? हामीले बुझ्नु पर्ने पहिलो कुरा त के हो भने यो सात दलीय मोर्चा मधेश केन्द्रित दलहरुको मोर्चा वा तिनको साझा प्लेटफर्म चाहिं होइन। वहाँहरु विचार मिल्नेहरुको मोर्चा बनाउनुभएको हो र यसलाई अग्रगामी भनेर भन्नुभएको छ ।

कुल मिलाएर संघियता, समावेशिता र असमानताको लागि आगाडि बढ्ने भन्नुभएको छ । अग्रगामिताको कुरा गर्नुभएको छ । पुरानै राग जस्तो लागे पनि यो एउटा सकारात्मक पक्ष चाहिं अवश्य हो । तर, नयाँ राजनीतिक परिदृश्यको मागलाई सम्वोधित गर्ने अथवा त्यतातिरको चाहनालाई आश्वस्त पार्ने खालको समयसापेक्ष विषयवस्तुको उत्थान गरिएको भने देखिन्न। तैपनि प्रयास भने महत्वपूर्ण छ । गणतन्त्र र बहुदलीय लोकतान्त्रिक राजनीतिक प्रणालीमाथि विभिन्न कोणहरुबाट लगातार भइरहेको आक्रमणको अवस्थामा यो उभारलाई राम्रै भन्न सकिन्छ । जहाँसम्म तमलोपाको सवाल हो । तमलोपा वैचारिक रुपमा कतिपय कुरामा भिन्न मत राख्दछ। गणतन्त्र, संसदीय बहुदलीय लोकतन्त्र हाम्रो विश्वासको मूल आधार हो। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको सोचसँग हामी सहमत हुन सक्दैनौं । यो तानाशाही फस्ट्याउने वातावरणको लागि मलजल तयार गर्ने प्रयत्न हुनेछ । अर्को कुरा, संघियतामा प्रादेशिक राजनीतिक दलहरुको स्थान र मान्यताको हामी पक्षपाती हौं । प्रदेशलाई निर्वाचन क्षेत्र मानेर पूर्ण र व्यवस्थित समानुपातिक निर्वाचन प्रणाली भयो भने वास्तविक समानुपातिक प्रतिनिधित्व हुनेछ र निर्वाचनजन्य कुप्रवृतिहरुको अन्त्य पनि सम्भव हुनेछ भन्ने हाम्रो सोच हो। हामीसँग वहाँहरुको कुनै छलफल भएन । शायद वहाँहरुले पनि यी असहमतिका बूँदाहरुलाई ध्यानमा राखेर नै छलफल गर्नु भएन। जे होस्, मूल कुरो यही हो कि हामी यस सात दलीय मोर्चामा छैनौं। २. अहिले गठित सात दलीय अग्रगामी मोर्चा वामपंथीहरुको वामवादी मोर्चा हो भनेर पनि टिप्पणीहरु भइरहेका छन्। तपाईंको नेतृत्वको तमलोपा, हृदयेशजी नेतृत्वको जनता प्रगतिशील पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी लोकतन्त्रवादीहरुको दल भएकोले यस मोर्चामा सहभागी नरहेको सुनिन्छ । कारण यही त होइन ? तराई मधेश लोकतान्त्रिक पार्टी लोकतन्त्रवादी पार्टी हो। अहिले गठित सात दलीय मोर्चा वास्तवमा वामवादी हो, होइन भन्न सक्दिन । तर, तपाईंले भने जसरीका टिप्पणीहरु मैले पनि सुनेको छु। त्यसका देखिने केही कारणहरु पनि छन् । केही नेताहरु माओवादी पृष्ठभूमि वा वामपन्थसंग जोडिएका हुन् । सबै वामपन्थीहरुलाई एउटै छातामुनि ल्याउने कताकता नियोजित कसरत भइरहेको पनि सुनिन्छ । त्यसकै एउटा यो पनि स्टेप हो भनेर भन्छन् । तैपनि, यसै आधारमा कुनै निष्कर्ष खिचिहाल्नु उचित हुँदैन त यस्तै हो भनेर भन्न चाहिं सकिंदैन । यस मोर्चाको एउटा घटकमा वामपन्थी पृष्ठभूमिका बाहेक लोकतन्त्रका पारंगत प्रवक्ता पनि हुनुहुन्छ, अनुभवी पंचायतकालदेखि नै सत्ता चलाएका राजनीतिज्ञहरु पनि हुनुहुन्छ । त्यसकारण वैचारिक रुपमा यो मोर्चा एकरुप चाहिं पक्कै होइन। जहाँसम्म मधेश, थरुहट र आदिवासी-जनजाति समूहको कुरा हो हामीलाई के लाग्छ भने अब भावनात्मक भन्दा पनि क्षेत्रीय प्रादेशिक मुद्दा र स्पष्ट राजनैतिक विचारको आधारमा एकत्रित हुनु श्रेयस्कर हुनेछ । छ्यासमिसले कुनै निश्चित बाटो लिन दिंदैन, दिने छैन। त्यसउसले वैचारिक हिसाबले एकत्रित हुनु जरुरी देखिन्छ । मधेश र थरुहटका संसदीय लोकतन्त्र, गणतन्त्र र संघियताप्रति प्रतिवद्ध शक्तिहरु एक ठाउँमा आएर प्रदेशिक एजेन्डाका साथसाथै संसदीय लोकतन्त्रमाथि मडाडिरहेको खतराको मुकाबिला गर्न राष्ट्रिय स्तरमा समेत लोकतन्त्रवादीहरुको मोर्चा निर्माण गर्नु उचित हुने हाम्रो धारणा हो । ३. अग्रगामी मोर्चाको अवधारणा-पत्र कस्तो लाग्यो? कुनै टिप्पणी ? यसमा सबैथोक छ। केही नछुटोस् भनेर कोचिएको छ। सबैले त्यसै गर्ने गरेका छन् ।




# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले करार सेवामा विभिन्न पदका लागि ६ जना विशेषज्ञ जनशक्ति माग गर्दै दरखास्त आह्वान




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २९ श्रावण

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले करार सेवामा विभिन्न पदका लागि ६ जना विशेषज्ञ जनशक्ति माग गर्दै दरखास्त आह्वान गरेको छ। प्रतिष्ठानले साउन २९ गते प्रकाशित गरेको सूचनामार्फत सिटिभिएस, प्याथोलोजी, एनेस्थेसिया र मेडिकल सर्जिकल नर्सिङ विभागका लागि जनशक्ति माग गरेको हो । रिक्त पदमा आवश्यकता पूर्ति गर्न प्राध्यापकदेखि लेक्चररसम्मका पदमा नियुक्तिका लागि आवेदन खुलाइएको प्रतिष्ठानले जनाएको छ । सूचनाअनुसार सिटिभिएस विभागमा एक जना, प्याथोलोजिस्ट दुई जना, एनेस्थेसियामा दुई जना र मेडिकल सर्जिकल नर्सिङमा एक जना गरी कुल ६ जना जनशक्ति माग गरिएको छ ।

उम्मेदवारको योग्यता तथा अनुभवका आधारमा प्रोफेसर, एसोसिएट प्रोफेसर, असिस्टेन्ट प्रोफेसर वा लेक्चरर पदमा नियुक्ति गरिनेछ। चिकित्सकतर्फ सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित परिषद्मा विशेषज्ञका रूपमा दर्ता भएको हुनुपर्नेछ ।

नर्सिङतर्फ भने सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । प्रोफेसर र एसोसिएट प्रोफेसर पदका लागि ७० वर्ष ननाघेको तथा असिस्टेन्ट प्रोफेसर र लेक्चरर पदका लागि ४५ वर्ष ननाघेको हुनुपर्ने उमेर हद तोकिएको छ । प्रतिष्ठानका अनुसार प्रोफेसर तथा एसोसिएट प्रोफेसर पदका लागि परीक्षा दस्तुर १ हजार ५ सय रुपैयाँ र असिस्टेन्ट प्रोफेसर तथा लेक्चरर पदका लागि १ हजार २ सय रुपैयाँ तोकिएको छ। दस्तुर भानु चोकस्थित लक्ष्मी सनराइज बैंकमा रहेको प्रतिष्ठानको खातामा जम्मा गरी सोको भौचर दरखास्तसँगै पेस गर्नुपर्नेछ ।

इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् भदौ १२ गतेसम्म आवेदन दिन सक्ने प्रतिष्ठानले जनाएको छ।




# " फेरि जन्म लिनु छ "

म पनि पापि हुनु छ।
मलाई यो संसार जित्नु छ।
सके मायाले नसके पैसाले किन्नु छ।

मेरो सोचको माहासागरमा
सपनाका टापुहरु छन्
सके पूरा नसके आधा जित्नु छ।

अन्धकार बाट उज्यालो तर्फ होइन
उज्यालो मेरो नेत्रमा, अन्धकार मेरो आदेशमा होस
मलाई त्यस्तो सर्वशक्तिमान हुनु छ।
माहाभारत युद्ध नै एक क्षणमा जित्ने
मलाई बर्बरिकको बाण हुनु छ।

न्याय-सजाय मेरो आगनमा रहोस
मलाई त्यस्तो नियम हुनु छ।
चिन्न सके उज्यालो
नसके ध्वस्त पार्न सक्ने
मलाई हिरा होइन युरेनियम धातु हुनु छ।

दुरूपयोग गरेपनी खतरनाक
नगरेपनी खतरनाक
मलाई सत्य-असत्य दुबै शक्तिको केन्द्र हुनु छ।

हारमा पनि म, जितमा पनि म
मलाई सर्वमान हुनु छ।
यो जिवनले पुगेन
मलाई फेरि जन्म लिनु छ।

# निर्माण कम्पनीलाई ठेक्का किन अन्त्य नगर्ने भन्दै १५ दिने स्पष्टीकरण

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २९ श्रावण**




निर्माण कार्यमा ढिलासुस्ती गरेको भन्दै विष्णुपुर गाउँपालिकाले एक निर्माण कम्पनीलाई ठेक्का किन अन्त्य नगर्ने भन्दै १५ दिने स्पष्टीकरण सोधेको छ ।

गाउँपालिकाले शुक्रबार प्रथम पटक सूचना जारी गर्दै प्रशासकीय अधिकृत भवन निर्माणको ठेक्का पाएको विकास/राम जानकी जे.भी.लाई १५ दिनभित्र स्पष्ट र चित्तबुझ्दो जवाफ पेस गर्न निर्देशन दिएको हो । गाउँपालिकाका अनुसार निर्माण व्यवसायीलाई पटकपटक लिखित तथा मौखिक रूपमा काम अघि बढाउन आग्रह गरिए पनि निर्माणको प्रगति अत्यन्त न्यून रहेको पाइएको छ । सम्झौताअनुसार काम सम्पन्न गर्नुपर्ने समयतालिका, माइलस्टोन तथा कामको क्रमागत प्राथमिकताअनुसार निर्माण अघि बढाउन ठेकेदार पक्षबाट पर्याप्त तदारुकता नदेखिएको गाउँपालिकाले जनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२क) बमोजिम ठेक्का अन्त्य किन नगर्ने भन्ने विषयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्झौताको मर्म र कानुनी प्रावधानअनुसार प्रमाण तथा आधारसहित जवाफ पेस गर्न गाउँपालिकाले भनेको छ । त्यसैगरी, स्पष्टीकरण पेस गर्ने अवधिभित्रै निर्माण कार्यलाई द्रुत गतिमा अघि बढाउन समेत निर्माण व्यवसायीलाई निर्देशन दिइएको छ ।

तोकिएको समयभित्र उचित जवाफ नदिएमा वा निर्माण कार्यमा अपेक्षित सुधार नआएमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताका सर्तअनुसार ठेक्का अन्त्य गर्ने प्रक्रिया अघि बढाइने गाउँपालिकाले चेतावनी दिएको छ । गाउँपालिकाको यो कदमसँगै लामो समयदेखि सुस्त गतिमा अघि बढिरहेको प्रशासकीय अधिकृत भवन निर्माणले गति लिने विश्वास गरिएको छ ।

# रौतहटका तीर्थयात्री सवार बस दुर्घटनामा पर्दा तीन जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २९ श्रावण**



भारतको झारखण्डस्थित बाबाधाममा बोलबम यात्राका लागि गएका रौतहटका तीर्थयात्री सवार बस दुर्घटनामा पर्दा तीन जनाको मृत्यु भएको छ ।

दुर्घटनामा मृत्यु हुनेमा गरुडा नगरपालिका-६ पोठियाहीका ६० वर्षीय नवल किशोर जयसवाल, उनकी श्रीमती सुन्दर बाला देवी र १० वर्षीय शिवम महतो रहेका छन् । पोठियाहीबाट गत आइतबार बोलबम यात्राका लागि भारत गएको ना ६ ख १५५४ नम्बरको बस शुक्रबार बिहान करिब ३ बजे झारखण्डको सतगावाँ क्षेत्रमा मालवाहक ट्रकसँग ठोक्किएको हो ।

प्रारम्भिक जानकारी अनुसार बसमा करिब ४५ जना तीर्थयात्री सवार थिए । बासुकीनाथको दर्शन सकेर देवघर हुँदै राजगीरतर्फ जाने क्रममा बस दुर्घटनामा परेको बताइएको छ । ट्रकसँग ठोक्किएपछि बसको अगाडिको भाग पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

दुर्घटनालगत्तै सतगावाँ प्रहरीले घटनास्थल पुगेर घाइतेहरूको उद्धार गरी नजिकका अस्पतालमा उपचारका लागि पठाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । सतगावाँ थाना प्रमुख बब्लु सिंहका अनुसार प्रारम्भिक अनुसन्धानमा बस चालकलाई अत्यधिक निद्रा लागेको हुनसक्ने देखिएको छ । यद्यपि, दुर्घटनाको यकिन कारण खुल्न बाँकी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको खबर पाएपछि मृतक तथा घाइतेका आफन्तहरू शुक्रबार बिहानै चारवटा सवारीसाधन रिजर्भ गरी घटनास्थल तर्फ गएका छन् ।

दुर्घटनामा घाइते हुने अधिकांश तीर्थयात्री पनि पोठियाहीकै रहेको बताइएको छ । घटनाको खबरसँगै पोठियाही गाउँ शोकमा डुबेको छ ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेषः शुभ कार्यको शुरुवात
वृषः पिछ्डेको साथी मिल्न
मिथूनः विचार गरेर बोल्नुहोला
कर्कटः अनावश्यक खर्चको संभावना
सिंहः अनावश्यक चिन्ता
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः आम्दानी हुने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः मित्रतामा फाटो आउने
मकरः लामो यात्राको योग छ
कूम्भः मनमा पछ्तुतो आउने
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |


## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानसँगको लामो द्वन्द्वपछि अमेरिकाले बहुराष्ट्रिय ड्रोन कार्यदल बनाउने



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ श्रावण**

पश्चिम एसियामा द्वन्द्व र सुरक्षा तनाव बढिरहेका बेला अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले अमेरिका र क्षेत्रीय साझेदारका मानवरहित प्रणालीलाई एकीकृत गर्दै पहिलो बहुराष्ट्रिय तथा बहुक्षेत्रीय आक्रमण ड्रोन कार्यदल 'फाल्कन स्ट्राइक' गठन गर्ने योजना सार्वजनिक गरेको छ ।

सेन्टकमका अनुसार नयाँ कार्यदलले समुद्रको सतह, समुद्रभित्र तथा हवाई क्षेत्रमा सञ्चालन गर्न सकिने मानवरहित प्रणालीलाई एकीकृत गर्नेछ, जससमा एकतर्फी आक्रमणका लागि प्रयोग हुने ड्रोनसमेत समावेश छन् । क्षेत्रीय साझेदारलाई समेत यस कार्यदलमा सहभागी गराउने प्रक्रिया अघि बढाइएको सेन्टकमले बिहीबार जारी गरेको विज्ञप्तिमा जनाएको छ । यो योजना सेन्टकमले 'स्कर्पियन स्ट्राइक' नामक कार्यदल स्थापना गरेको नौ महिनापछि सार्वजनिक भएको हो । अमेरिकी सेनाले स्कर्पियन स्ट्राइकलाई मध्यपूर्वमा स्थापना गरिएको पहिलो समर्पित एकतर्फी आक्रमण ड्रोन कार्यदलका रूपमा वर्णन गरेको थियो । स्कर्पियन स्ट्राइकले गत वर्ष डिसेम्बरमा अमेरिकी नौसैनिक युद्धपोतबाट पहिलोपटक हवाई आक्रमण ड्रोन प्रक्षेपण गरेको थियो। साथै, 'अपरेसन एपिक फ्युरी' का क्रममा एकतर्फी मानवरहित हवाई प्रणाली प्रयोग गर्नुका साथै गत जुलाईमा इरानी बन्दरगाहका संरचनामाथि आक्रमण गर्दा यसले मानवरहित आक्रमणकारी जलयानसमेत प्रयोग गरेको थियो ।

# हिरोइनजस्तो देखिने पदार्थसहित एक युवक पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ श्रावण**

धनुषामा लागुऔषध खैरो हिरोइनजस्तो देखिने पदार्थसहित एक युवक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ पर्नेमा विदेह नगरपालिका-८ का २८ वर्षीय उमेश मण्डल रहेका छन् । विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले औरही गाउँपालिका-५ स्थित डिप बोरिङभित्र बसिरहेको अवस्थामा



मण्डललाई शंकास्पद रूपमा चेकजाँच गरेको थियो । चेकजाँचका क्रममा उनको साथबाट डब्बासहित ६५.४४० ग्राम र डब्बा बाहेक ३९.३६० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले लागुऔषध नापतौल गर्न प्रयोग हुने डिजिटल तराजुसमेत बरामद गरेको छ । बरामद पदार्थसहित मण्डललाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सेलेना गोमेज र उनको मेन्टल हेल्थ स्टार्टअपमाथि धोकाधडीको मुद्दा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ श्रावण**

अमेरिकी गायिका तथा गीतकार सेलेना गोमेज र उनको मेन्टल हेल्थ स्टार्टअप कम्पनी 'वन्डरमाइन्ड' माथि लगानीकर्ताहरूले मुद्दा दायर गरेका छन् ।



स्टार्टअपले हासिल गरेको सफलता र त्यसमा गोमेजको संलग्नताबारे आफूहरूलाई भ्रमित पारिएको दाबी गर्दै कयौँ लगानीकर्ताले बिहीबार मुद्दा दायर गरेका हुन् । सन् २०२१ मा स्थापना भएको वन्डरमाइन्डमा गोमेजलाई सह-संस्थापक, चिफ इम्प्याक्ट अफिसर र मार्केटिङ हेडको रूपमा सूचीकृत गरिएको मुद्दामा उल्लेख छ । प्रयोगकर्ताहरूलाई हरेक दिन आफ्नो मानसिक स्वास्थ्यलाई प्राथमिकता दिन सजिलो र सम्भव हुने तरिकाहरू उपलब्ध गराउने उद्देश्यले यो मिडिया प्लेटफर्म डिजाइन गरिएको कम्पनीको वेबसाइटमा उल्लेख थियो ।

गोमेजले आफ्नो स्टार पावर र सामाजिक सञ्जालमा रहेका ठूलो सङ्ख्याका फलोअरहरूलाई कम्पनीको उत्थानमा प्रयोग गर्ने आशामा आफूहरूले सन् २०२२ मा १२ लाख डलर लगानी गरेको पाँच लगानीकर्ताले बताएका छन्। तीन वर्षमै कम्पनी धराशयी भएको र यसका संस्थापक, अधिकारी वा निर्देशकहरूले लगानीकर्ताका लागि एक शब्द पनि नबोलेको आरोप मुद्दामा लगाइएको छ। लगानीकर्ताहरूले गोमेजकी आमा तथा कम्पनीकी सह-प्रमुख कार्यकारी अधिकृत मेन्डी टिफी र पूर्व व्यावसायिक साझेदार दानिएला पियर्सनलाई पनि मुद्दामा विपक्षी बनाएका छन् । सन् २०२२ मा जेपी मोर्गन जस्ता नाम चलेका कम्पनीहरूसँग साझेदारी हुने, विज्ञापन सम्झौता र सेलिब्रेटी कभर स्टोरी हुने तथा यो एप सर्वोत्कृष्ट बन्ने विश्वास दिलाउँदै कम्पनीको मूल्याङ्कन ९ करोड ५० लाख डलर बताइएको लगानीकर्ताहरूको भनाइ छ । यद्यपि यस्तो केही नभएको र एप नै कहिल्यै नबनेको आरोप उनीहरूले लगाएका छन् ।




**अनुरोधकर्ता**
**सोनमा गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**सम्सी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## श्री राम नारायण अयोध्या माध्यमिक विद्यालय
**पिपरा, महोत्तरी**
**स्था: २००२ साल**
**पिपरा गाउँपालिका-४**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८३।०४।२७ गते**

**विषय : विज्ञापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा पिपरा गाउँपालिकाको च.नं.७४ को प्राप्त अनुमति पत्र अनुसार यस विद्यालयमा प्राविधिक धारतर्फ कृषि विज्ञान विषयको शिक्षक पदमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र तपसिल बमोजिमका कागजातहरु सहित दरखास्त आव्हान गरिएको छ । तोकिएको म्यादभित्र रित नपुगेका वा म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

१) **पद विवरण :**
- क) **विज्ञापन नं. :** ०८३।०८४।०१
  **तह :** प्रशिक्षक (मा.शि.तृतीय)
  **पद संख्या :** १
- ख) **विज्ञापन नं. :** ०८३।०८४।०२
  **तह :** सह-प्रशिक्षक (नि.मा.शि.तृतीय)
  **पद संख्या :** १

२) **शैक्षिक योग्यता :** मा.शि. तृतीयका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाछ B.Sc. Agriculture
नि.मा.शि. तृतीयका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट I.Sc. Agriculture with basic Computer Knowledge

३) **आवेदन शुल्क :**
**विज्ञापन नं. ०१ का लागि :** रु.२,५००/-
**विज्ञापन नं. ०२ का लागि :** रु.१,५००/-

४) **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

५) **तलब :** प्रचलित स्केल बमोजिम ।

६) **आवश्यक कागजातहरु :** शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि (सबै तहका)-१/१ प्रति नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति हस्तलिखित निवेदन उल्लेखित सबै कागजातहरु उम्मेदवार स्वयम् प्रमाणित गरेको हुनुपर्नेछ ।

७) **आवेदन बुझाउने अन्तिम मिति :** २०८३।०५।११ गते विद्यालय समय भित्र ।

८) **परीक्षा किसिम :** लिखित र मौखिक (आवश्यक परेमा प्रयोगात्मक समेत)

९) **सम्पर्क मिति :** २०८३।०५।११ गते विद्यालय समयमा

१०) **लिखित परीक्षा :** सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्कका लागि :**
प्र.अ. : ९८४४०५७६५०
लेखापाल : ९८१६८१६२००

**प्रमोद कुमार मण्डल**
**प्रधानाध्यापक**

# लोकतन्त्रको क्षयीकरण कसरी हुँदै छ ?



-विश्वभर लोकतन्त्रको विजयको घोषणा भएको चार दशक नबित्दै अमेरिका र युरोपजस्ता मुलुकहरूमा समेत लोकतान्त्रिक मूल्य-मान्यता गम्भीर संकटमा परेको देखिन्छ। पपुलिजम, उग्रराष्ट्रवाद, अनुदारवाद र निर्वाचित सर्वसत्तावाद लोकतन्त्रका प्रमुख चुनौतीका रूपमा देखा परेका छन् । लोकतन्त्रको संरक्षणका लागि उदार, समावेशी लोकतन्त्र, सबल संस्था, शक्ति सन्तुलन, पारदर्शिता, स्वतन्त्र न्यायालय, प्रेस र सक्रिय नागरिक समाज अपरिहार्य रहेको विश्लेषण गरिएको छ।

सन् १९९० मा शीतयुद्धको अन्त्य, सोभियत संघमा कम्युनिस्ट शासनको पतन तथा जर्मनीमा बर्लिनको पर्खाल भत्किएपछि विश्वबाट नै कम्युनिस्ट तथा सबै प्रकृतिका अधिनायकवादको अन्त्य भई लोकतन्त्रको विजय भनी घोषणा भएको करिब चार दशक भयो। अमेरिका-युरोपका राजनीतिशास्त्री तथा उदार लोकतन्त्र पक्षधर राजनीतिक दलहरूले सोभियत संघ तथा पूर्वी युरोपमा कम्युनिस्ट शासन पतन भएपछि विश्वव्यापी रूपमा नै लोकतन्त्रको दिग्विजय भएको घोषणा गर्दै ठूलो विजयोत्सव मनाएका थिए। अमेरिकी राजनीतिशास्त्री तथा बहुलवादी लोकतन्त्रका प्रवक्ता फ्रान्सिस फुकुयामाले कम्युनिस्टको पतनलाई इतिहासको अन्त्यको संज्ञा दिँदै सन् १९९२ मा 'दी एन्ड अफ द हिस्ट्री एन्ड द लास्ट म्यान' नामक पुस्तक प्रकाशित भएपछि लोकतान्त्रिक आन्दोलन अभूतपूर्व सफलताको दिशातर्फ उन्मुख भएको विश्वास गरिएको थियो। तर कम्युनिस्ट, अधिनायकवाद र सर्वसत्तावादको अन्त्य भई विजयोत्सव मनाएको चार दशक पनि नबित्दै लोकतन्त्र र बहुलवादी समाजको जननी मानिने अमेरिका तथा युरोपमा नै गम्भीर संकट सिर्जना भएको विचारले लोकतान्त्रिक शिविर प्रतिरक्षात्मक भएको देखिन्छ। लामो समयदेखि लोकतन्त्रको आरोह-अवरोहका बारेमा गहन अध्ययन-अनुसन्धान गर्दै आएका हार्वर्ड विश्वविद्यालयका प्राध्यापकहरू स्टेभिन लिभित्स्की र डेनियल जिबलटद्वारा लिखित 'हाउ डेमोक्रेसिस डाईः ह्वाट हिस्ट्री रिभिल्स अबाउट आवर फ्युचर' नामक पुस्तकमा लोकतन्त्र पतनोन्मुख भएको निष्कर्ष सार्वजनिक भएपछि गम्भीर बहस हुँदै आएको छ। लिभित्स्की र जिबलटले केवल लोकतन्त्र पतनोन्मुख भएको निष्कर्ष मात्रै निकालेका छैनन्, यदि समयमै उक्त चुनौतीहरूको सम्बोधन गरिएन भने लोकतन्त्रकै अवसान हुने कटु भविष्यवाणीसमेत गरेका छन्। इतिहासको अन्त्य भएको घोषणा गरेका फुकुयामालगायत उदार लोकतन्त्र पक्षधर राजनीतिशास्त्रीहरूले समेत अहिले विश्वव्यापी रूपमा नै लोकतन्त्रमाथि गम्भीर चुनौती सिर्जना भएकोमा चिन्ता व्यक्त गर्दै पतनोन्मुख लोकतन्त्रको उद्धार गर्न पश्चिमा लोकतान्त्रिक देशहरूलाई आह्वान पनि गरेका छन्।

**लोकतन्त्रका चुनौती** अमेरिकी स्वतन्त्रता संग्राम, फ्रान्सेली क्रान्ति, पहिलो र दोस्रो विश्वयुद्धको विभिषिका, उपनिवेशकाल र स्वाधीन आन्दोलनको ऐतिहासिक कालखण्डको लेखकद्वयले विहंगम विश्लेषण गरेका छन्। लोकतान्त्रिक प्रक्रियालाई उपयोग गरी सत्तामा पुगेका जर्मनीका एडोल्फ हिटलरले कसरी नाजी सत्ता स्थापित गरे भनी सविस्तार व्याख्या गरेका छन्। राजनीतिक अस्थिरताको कालखण्डमा राजनीतिक दाउपेचमार्फत इटालीको सत्तामा पुगेका अर्का तानाशाह बेनिटो मुसोलिनीले जनतालाई दमन गरी कसरी फाँसीवादी शासन संस्थागत गरेका थिए भन्ने फेहरिस्त पनि प्रस्तुत गरिएको छ। यसैगरी पेरुमा अल्बर्टो फुजिमोरीले पपुलिस्ट नारामार्फत सत्तामा आएपछि सार्वजनिक सञ्चारमाध्यमको दुरुपयोग गरी कसरी लोकतन्त्रको चीरहरण गरे भनी तथ्य र तथ्यांकसहित विश्लेषण गरिएको छ। केवल दक्षिणपन्थी पपुलिजम मात्रै होइन, वामपन्थी पपुलिजमका आधारमा कम्युनिस्ट सर्वसत्तावाद पनि स्थापित गरिएको छ। जसको उदाहरण हो- भेनेजुएला।

कम्युनिस्ट पपुलिजमका आधारमा ह्युगो चाभेज राष्ट्रपति भएपछि जनताका अधिकार नियन्त्रण तथा लोकतान्त्रिक संस्थालाई कमजोर बनाई कम्युनिस्ट सर्वसत्तावाद स्थापना गरेको निष्कर्ष निकालिएको छ। रसिया, भेनेजुएला, इजिप्ट, फिलिपिन्स, युक्रेन, जर्जिया, जिम्बावे, इराक, लिबिया, निकारागुवा, म्यानमार जस्ता देशहरू मात्रै होइन। बहुलवाद, उदार लोकतन्त्र, विधिको शासन, मानवअधिकारको जननी मानिने अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, भारत, अस्ट्रिया, नेदरल्यान्ड्सलगायतका देशमा पनि लोकतान्त्रिक मूल्य-मान्यता क्षयीकरण तथा अधिनायकवादी प्रवृत्ति हाबी हुँदै गएको कठोर निष्कर्ष निकालेका छन्। वास्तवमा उदार लोकतन्त्र तथा बहुलवादी समाजको जन्मभूमि अमेरिका, युरोपका समृद्ध देशहरूबाटै लोकतन्त्र तथा बहुलवादी समाजमाथि प्रश्न उठेपछि थप प्रतिरक्षात्मक भएको छ।

ती देशमा पपुलिस्ट, उग्रराष्ट्रवादी, दक्षिणपन्थी तथा आप्रवासनविरोधीहरूले निर्वाचनमा पाएको अस्वाभाविक सफलता र उदार लोकतन्त्रवादीहरूको असफलताले लोकतन्त्रको भविष्यमाथि नै प्रश्नचिह्न खडा भएको छ। संवैधानिक प्रक्रियाद्वारा निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीहरूको सर्वसत्तावादी चरित्रका कारण लोकतान्त्रिक मूल्य-मान्यता अतिक्रमण गर्ने प्रवृत्ति विश्वव्यापी रूपमा नै बढ्दै गइरहेको फेहरिस्तले लोकतन्त्र पतनोन्मुख भएको पुष्टि भएको छ। अमेरिका र युरोपका देशहरूमा पनि आवरणमा लोकतान्त्रिक प्रणाली अनुसरण गरिएको छ। तर उक्त प्रणाली क्रमिक रूपमा अनुदारवादी दिशातर्फ उन्मुख हुँदै गइरहेको छ। अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प, टर्कीका राष्ट्रपति रिसेप तायिप्यप इर्दोगान, अनुदारवादी लोकतन्त्रका प्रवक्ता हंगेरीका पूर्वप्रधानमन्त्री भिक्टर ओरबान (गत जुनमा भएको निर्वाचनमा पराजित भए) जस्ता उग्रराष्ट्रवादी तथा पपुलिस्टहरूको विजय र युरोपियन युनियनबाट छुट्टिने बेलायतको जनमत संग्रहको आश्चर्यजनक परिणामपछि लोकतन्त्रलाई गम्भीर धक्का लागेको विश्लेषण गरेका छन्। लिभित्स्की र जिबलटको निष्कर्ष छ- 'शीतयुद्धकालीन साम्यवाद, फाँसीवाद, सर्वसत्तावाद, अधिनायकवाद, सैन्य शासन तथा एकदलीय तानाशाह अहिलेको चुनौती होइन। पपुलिजम, उग्रराष्ट्रवाद, भूमण्डलीकरणको विरुद्ध संरक्षणवाद, अनुदारवाद, जातिवाद र निर्वाचित सर्वसत्तावाद लोकतन्त्रका प्रमुख चुनौतीहरू हुन्।' उनीहरूले व्यंग्यात्मक तर्क तथा प्रश्न गरेका छन- अहिले कतै मतपत्रमा नै लोकतन्त्रको पराजय लेखिएको त छैन ? स्मरणीय छ, अहिले म्यानमार, बुर्किना फासो, नाइजर, सुडान, मालीलगायत करिब १० देशमा सैन्य शासन छ भने चीन, उत्तर कोरिया, क्युबा, भियतनाम, लाओस गरी पाँच देशमा मात्रै कम्युनिस्ट सत्ता छ। लिभित्स्की र जिबलटले मात्रै होइन, लोकतन्त्रका बारेमा विगत तीन दशकदेखि गहन अध्ययन-अनुसन्धानमा संलग्न स्ट्यानफोर्ड विश्वविद्यालयका प्राध्यापक ल्यारी डाइमण्डले पनि सन् २०१५ मा 'डेमोक्रेसी इन डिक्लाइन' नामक पुस्तकमा ह्रासोन्मुख लोकतन्त्रका बारेमा तथ्य र तथ्यांकसहित विश्लेषण गरेका छन्। यसैगरी हार्वर्ड विश्वविद्यालयका अर्का प्राध्यापक यश्चा माउन्कले पनि सन् २०१८ मा प्रकाशित 'दी पिपुल भर्सेज डेमोक्रेसीः ह्वाई आवर फ्रिडम इज इन डेन्जर एन्ड हाउ टु सेभ इट' नामक पुस्तकमा पपुलिजम, उग्रराष्ट्रवाद र अतिवादका कारणले लोकतन्त्र असफल हुँदै गएको निष्कर्ष निकालेका छन्। स्विडेनको गोथेनगर्ब विश्वविद्यालयद्वारा प्रकाशित डेमोक्रेसी इन्डेक्स, २०२६ का अनुसार पनि उदार लोकतन्त्र, बहुलवादी समाज, विधिको शासन र मानवअधिकारका लागि जटिल चुनौतीहरू सिर्जना भएका छन्। उक्त इन्डेक्सअनुसार अहिले ४४ देशमा लोकतन्त्र क्रमिक रूपमा क्षयीकरणतर्फ उन्मुख भइरहेका छन्। यसैगरी सन् २००० पछि लोकतान्त्रिक क्षयीकरणमा परेका देशको संख्या ८५ पुगेको छ। संवैधानिक प्रक्रियाद्वारा निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीहरूको सर्वसत्तावादी चरित्रका कारण लोकतान्त्रिक मूल्य-मान्यता अतिक्रमण गर्ने प्रवृत्ति विश्वव्यापी रूपमा नै बढ्दै गइरहेको फेहरिस्तले लोकतन्त्र पतनोन्मुख भएको पुष्टि भएको छ।

अमेरिकी लोकतन्त्रका समस्याः सबैभन्दा पुरानो र समृद्ध अमेरिकी लोकतन्त्रलाई तेस्रो विश्वमा लोकतन्त्रको उच्चतम मानकका रूपमा चित्रित गरिन्छ। विशेषगरी नेपालमा अमेरिकालाई उत्कृष्ट लोकतान्त्रिक देश र अभ्यासका रूपमा व्याख्या र चित्रित गरिन्छ।

साभार : कान्तिपुर।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता

बिदेह नगरपालिकाको कार्यालय

धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता

धनौजी गाउँपालिकाको कार्यालय

धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday